मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

पत्र संख्याः२०७९/०८०
चलानी नं.

## सिरहा

मिति २०८०/०१/१४

**स्यालो ट्यूवेल मोटर पम्पसेट जडान तथा संचालन आपूर्तिकर्ता सूचिकृत हुने सम्बन्धी प्रति एकाई दरभाउ सहित शिलबन्दी आवेदन (प्रस्ताव) आव्हान सूचना**

**सूचना प्रकाशन मितिः २०८०/०१/१४ गते**

यस कार्यालयको आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग र व्यवसायिक कृषि उत्पादन क्षेत्र सुदृढिकरणका लागि सिंचाई व्यवस्थापन सहयोग अनुसार सिरहा जिल्लाको कृषकस्तरमा स्यालो ट्यूवेल (मोटर, पम्पसेट) जडान तथा संचालन आपूर्ति कार्य यस कार्यालयको अनुदान सहयोग तथा कृषकको लगानीमा कृषकस्तरमा आपूर्ति तथा जडान गर्नु पर्ने भएकोले यस जिल्लामा स्यालो ट्यूवेल सम्बन्धी आवश्यक सामग्री, आपूर्ति तथा जडान गर्ने यन्त्र उपकरण/जनशक्ति भएको तथा जडान आपूर्ति आदेश भएको बेलामा तुरन्त जिल्लाको जुनसुकै स्थानिय तह/क्षेत्रमा कृषकस्तरमा स्यालो ट्यूवेल जडान आपूर्ति गर्न सक्ने, पाइप फिल्टर मोटर पम्पसेट लगायत अन्य आवश्यक उपकरण तथा सामग्रीहरु आफूसँग मौजदात भएको, इच्छुक आपूर्तिकर्तावाट यो सूचना प्रकशित भएको मितीले १५ दिन (मिति २०८०/०१/२८ गते) भित्र तोकिएको ढाँचामा माल सामानहरुको विशिष्ट गुण (स्पेशिफिकेशन) सहित फर्म दर्ता, कर दर्ता/कर चुक्ता गुणस्तर प्रमाण पत्र लगायत अन्य आवश्यक कागजात प्रमाणपत्रहरु सहित विस्तृत विवरणहरु उल्लेख गरी प्रति एकाई दरभाउ सहित हरेक पानामा आवेदकले प्रमाणित गरेको सही छाँप गरी शिलबन्दी आवेदन (प्रस्ताव) फारम यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । आवेदकको सही छाँप नभएको आवेदन मान्य हुने छैन ।यस्ता आवेदन स्वतः रद्द हुने छ । प्रति एकाई लागत अनुमान वा सो भन्दा न्यून प्राप्त प्रस्तावहरु मध्ये न्यूनतम मूल्यको आधारमा अनुदान स्वीकृत हुने तथा प्राप्त प्रस्तावहरु मध्ये छनौट सूचिमा परेका आपूर्तिकर्ताहरुले कार्यालयसँग प्रति एकाई सामग्रीको जडान आपूर्ति सम्झौता गरी यस कार्यालयको सिफारिसको आधारमा कृषकको खेतमा जडान पश्चात कूल लागत मध्ये कृषक दायित्वको रकम कृषकवाट नै बुझिलिई कृषकलाई स्यालो ट्यूवेल मोटर पम्पसेट जडान आपूर्ति तथा संचालन गरेको भरपाई सहित जडान आपुर्ति (बिक्री) परिमाणको आधारमा बिल भरपाई लगायतको कागजात पेश गरी स्वीकृत/तोकिएको अनुदान रकम मात्र भुक्तानी पाउने गरी निर्धारीत आपूर्ति प्रक्रिया अनुसार कार्य संचालन हुनेछ । आवेदन (प्रस्ताव) फारम रु.१०००। (अक्षरेपी एक हजार ) मात्र (पछि फिर्ता नहुने गरी) भुक्तान गरी यस कार्यालयवाट प्राप्त गर्न सकिन्छ।अन्य विस्तृत जानकारी आवेदन फारममा उल्लेख गरिएको छ ।आवेदन (प्रस्ताव) फारम सम्बन्धि सम्पूर्ण अधिकार यसै कार्यालयमा निहित छ ।

कार्यालय प्रमुख
नरेन्द्र कुमार महासेठ
प्रमुख
दशौं तह